DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY

# बिजुलीको कटौती निम्ति तम्तयारी



## जोखिमहरूबारे जान्नुहोस्

**बिजुलीको कटौतीले निम्न कुरोहरूमाथि प्रभाव पार्न सक्छ:**

- पानीको आपूर्ति
- खाद्य सुरक्षा एवम् भँडारन
- औषधिहरूलाई फ्रिजमा राख्ने कार्य
- लामो समयसम्म उपयोग गरिने चिकित्सकीय उपकरण
- सर-सञ्चारका मूलभूत संरचना अनि सेल फोनहरू चार्ज गर्ने क्षमता
- ट्राफिक सिग्नल्स अर्थात् यातायात सङ्केतहरूले काम नगरिरहेको बेला वाहनहरू चलाउने परिस्थितिहरू
- विद्युत वाहनहरू चार्ज गर्ने क्षमता
- गराजका बिजुलीले चल्ने ढोकाहरू

## अगाडि नै योजना बनाउनुहोस्

**बिजुलीको कटौती निम्ति तम्तयारीको रूपमा निम्न पाइलोहरू सार्नुहोस्:**

### एक किटको निर्माण गर्नुहोस्

- आधारभूत आपतकालीन किटको निर्माण गर्नुहोस् – सुझाउ दिइएका सामग्रीहरूको सूची यो ह्यान्डआउट अर्थात् पर्चाको पछिपट्टि छ।

### चिकित्सकीय आपूर्तिहरू

- लामो समयसम्म उपयोग गरिने चिकित्सकीय उपकरण जस्ता महत्त्वपूर्ण सामग्रीहरूको लागि ब्याक-अप जेनरेटर वा ऊर्जाको अन्य स्रोतमा लगानी गर्नुहोस्।
- सही तापमानमा औषधिहरूको भँडारनको लागि आइस चेस्ट अर्थात् बरफको सन्दुक वा ब्याक-अप पावरको उपयोग गर्नुहोस्।

### खाद्यपदार्थ सुरक्षा

- तयार गरेर बिजुली वा फ्रिजको सहायता विना नै भँडारन गर्न सकिने साथै नबिग्रिने खाद्यपदार्थहरू जुटाएर राख्नुहोस्।
- यदि 4+ घण्टाहरूदेखि बिजुली गइराखेको छ भने, फ्रिजमा राखिएको/फ्रोजन अर्थात् जमिएको भोजनलाई ठेगान लगाउनु।

### यातायात

- विद्युत वाहनहरू अथवा यातायातका अन्य साधनहरूलाई सकेसम्म चार्ज गरेर राख्नुहोस्, अथवा ग्यासले चल्ने वाहन छ भने, मौसमको प्रचण्डता सुरु हुनभन्दा अघि नै वा बिजुलीको नियोजित कटौतीभन्दा पहिले नै आफ्नो ट्याङ्कलाई भरेर राख्नुहोस्।

**यदि यी सबै कुरोहरूले काम गरेनन् भने, आफ्नो घर छोडेर बिजुलीको कटौती नगरिएको अनि बिजुली उपलब्ध भएको कुनै मित्र, छिमेकी, होटल, वा आश्रयस्थलमा जानुहोस्।**

## कुन कुरोको अपेक्षा गर्नु

बिजुलीको कटौती भएको बेलामा, तपाईंका बिजुली सेवाप्रदाता मार्फत जानकारी हासिल गर्न सकिन्छ। तपाईंका बिजुली सेवाप्रदातालाई फोन गरेर अथवा उसको वेबसाइटमा गएर अधिक जानकारी हासिल गर्नुहोस्।

- **बोल्डर काउन्टी (Boulder County)-का बिजुली सेवाप्रदाताहरू:**
- **लङ्गमन्ट बिजुली र सर-सञ्चार (Longmont Power and Communications) - www.longmontcolorado.gov/departments**
- **लायन्स नगरपालिका बत्ती र बिजुली (Lyons Municipal Light and Power) - www.townoflyons.com/174/utilities**
- **पुड्रो उपत्यका REA (Poudre Valley REA) - www.pvrea.coop**
- **यूनाइटेड (United) - www.unitedpower.com**
- **एक्सेल एनर्जी (Xcel Energy) - https://co.my.xcelenergy.com**

## स्रोतहरू

### बिजुलीको कटौती निम्ति आपतकालीन किटको आपूर्ति

- नबिग्रिने खाद्य सामग्रीहरू
- पानी (प्रति व्यक्ति प्रति दिन 1 ग्यालन)
- ब्याट्रीले चल्ने बत्ती (फ्ल्याशलाइट, लालटेन, आदि) अनि अतिरिक्त ब्याट्रीहरू
- ब्याट्रीले चल्ने रेडियो
- फोनको लागि ब्याट्री पावर ब्याङ्क
- NOAA मौसमको खबर दिने रेडियो
- सुत्ने अर्थात् स्लीपिङ ब्याग/ कम्बलहरू
- म्यानुअल क्यान ओप्नर अर्थात् हस्तचालित डिब्बा खोल्ने औजार
- आवश्यक औषधिहरू

### आश्रयस्थल एवम् जानकारी

- जानकारीको लागि बोल्डर आपात स्थिति प्रबन्धन कार्यालय (Boulder Office of Disaster Management)-को वेबसाइट हेर्नुहोस् तथा खोलिएको आश्रयस्थलबारे जानकारी निम्ति www.boulderodm.gov हेर्नुहोस्।

### ब्याक-अप ब्याट्री कार्यक्रम

- ब्याक-अप ऊर्जा स्रोतहरूहरूको लागि वित्तीय सहायता निम्ति कोलोराडोमा उपलब्ध ब्याक-अप ब्याट्री कार्यक्रमबारे खोज-तलास गर्नुहोस्, अथवाwww.boulderodm.gov/preparedness हेर्नुहोस्

**तम्तयारीसम्बन्धी अधिक जानकारीको लागि WWW.BOULDERODM.GOV/PREPAREDNESS हेर्नुहोस्**

DISASTER MANAGEMENT
CITY OF BOULDER • BOULDER COUNTY